**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**

**फैसला**

**०७८-WO-११०५**

<u>मुद्दाः-उत्प्रेषण परमादेश।</u>

काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं.१० कपन बस्ने लिलामणी न्यौपाने......................................................................................१ <u>निवेदक</u>

विरुद्ध

नागरिक लगानी कोष, काठमाडौं......................................................१ <u>विपक्षी प्रत्यर्थी</u>

अर्थ मन्त्रालय, काठमाडौं..........................................................................१

आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं......................................१

ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.........................................१

नेपालको संविधानको धारा १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

<u>तथ्य खण्ड</u>

१. म निवेदक श्री इन्भेष्टमेण्ट एण्ड फाईनान्स कम्पनी लिमिटेड, डिल्लीबजारको नियमित सेवामा रही पछि उक्त कम्पनी को ४ बर्षे करार सेवामा कार्यकारी प्रमुख पदमा नियुक्ति पाई सो करार सेवा समाप्त भएपश्चात उक्त कम्पनीले विपक्षी नागरिक लगानी कोषको नाममा म निवेदकले पाउनुपर्ने अवकाश कोषको (उपदान) रकम भुक्तानी दिनु भनी प.सं.४०६७।०७८।७९ मिति २०७८।८।२३ को पत्र जारी गरेको थियो। जस अनुसार २०५८ साल अघिको उपदान

रकम रु.४६,६०,३२३।२९ र २०५८ पछिको रकम रु.१,३१,०३,९६८।४९ गरी जम्मा रु.१,७७,६४,२९१।७८ भनी किटानी उल्लेख रहेकोमा उक्त पत्रमा उल्लेख भए अनुसार २०५८ साल पछिको उपदान रकम रु.१,३१,०३,९६८।४९ मा ५ प्रतिशत कर अर्थात रु.६,५५,१९८।४२ कट्टा पछि बाँकी रु.१,२४,४८,७७०।०७ र कर नलाग्ने २०५८ साल अघिको रकम रु.४६,६०,३२३।१२९ समेत गरी जम्मा रु.१,७१,०९,०९३।५६ म निवेदकलाई भुक्तानी दिनुपर्नेमा विपक्षी कोषबाट रु.१,५७,९८,६९६।५१ मात्र श्री इन्भेष्टमेण्ट एण्ड फाईनान्स कम्पनी लिमिटेड डिल्लीबजारमा रहेको निवेदकको बचत खातामा मिति २०७८।१०।०९ मा रकमान्तर गरी जम्मा गरिएको थियो। नेपालको संविधानको धारा ११५(१) मा "कानुनबमोजिम बाहेक कुनै कर लगाइने छैन र उठाइनेछैन" भनी स्पष्ट व्यवस्था गरेको र प्रचलित आयकर ऐन,२०५८ को दफा ८८(१) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था र ०७५-WO-०५१२ को उत्प्रेषण मुद्दामा प्रतिपादित सिद्धान्तसमेतले ५ प्रतिशत मात्र करकट्टी गरी भुक्तानी गर्नुपर्नेमा सो को विपरीत १५ प्रतिशत करकट्टी गरिएकोमा सो संवैधानिक व्यवस्था तथा प्रचलित कानुनको सरासर त्रुटी गरी कोषबाट करकट्टी गरिएकोले सो बदर गरी पाउन अन्य प्रभावकारी वैकल्पिक उपचारको बाटो नभएकोले ऐ. संविधानको धारा १३३ को उपधारा (२) अनुसार विपक्षीहरुको निर्देशन, काम कारबाही, निर्णय भए सोसमेत उत्प्रेषणको आदेशबाट बदर गरी कानुनबमोजिम ५ प्रतिशत करकट्टी गरी बाँकी करकट्टी गरेको रकम म निवेदकलाई भुक्तानी दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ भनी **मिति २०७८।१२।१३ को लिलामणि न्यौपाने रिट निवेदन।**

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र विपक्षी नं. २, ३ र ४ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं. १ को हकमा आफु वा आफ्नो कानुन बमोजिमको प्रतिनिधिमार्फत लिखितजवाफ पेश गर्नु भनी विपक्षीहरुका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सुचना पठाई म्यादभित्र लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु। अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा, आयकर ऐन,२०५८ को दफा ८८(१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय १ ले अवकाश भुक्तानीमा पाँच प्रतिशत कर लाग्ने भन्ने देखिएको र निवेदक वेदबहादुर लावतीसमेत विपक्षी राष्ट्रिय वाणिज्य बैंक, केन्द्रिय कार्यालयसमेत भएको ०७५-WO-०५१२ को

उत्प्रेषण मुद्दामा यस अदालतबाट सो कानुनी प्रावधान मुताविक अवकाश भुक्तानीमा पाँच प्रतिशत मात्र करकट्टा गर्नुपर्ने भनी आदेश (फैसला) भइसकेको देखिएकाले निवेदकको अवकाश भुक्तानीमा गरिएको पन्ध्र प्रतिशत करकट्टी रकम कानुन एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्त अनुरुप नदेखिँदा प्रस्तुत निवेदनको अन्तिम किनारा नलागेसम्म उक्त अवकास भुक्तानीमा कट्टी गरेको रकम राजश्व दाखिला नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। सो को सुचना विपक्षीहरुलाई दिई नियमानुसार पेश गर्नु भनी **मिति २०७८।१२।१७ को यस अदालतको आदेश।**

३. नागरिक लगानी कोष, नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत स्थापित संस्था हो। यस कोषबाट संचालित अवकाश कोषमा रकम भुक्तानी दिँदा आयकर ऐन,२०५८ को दफा ६५(१) को देहाय खण्ड (ख) अनुसार आयकर कट्टा गरी भुक्तानी दिँदै आएकोमा यस कोषको मिति २०७५।६।२४ को अनुगमनको क्रममा ठुला करदाता कार्यालय हरिहरभवनबाट कर्मचारीहरुको निवृत्त वा राजिनामा दिई सेवाबाट अलग हुँदाका बखत रकम फिर्ता भुक्तानी गर्दा योगदानमा आधारित कोषका लागि आयकर ऐन,२०५८ को दफा ६५(ख) अनुसार ५ प्रतिशतका दरले र रोजगार कर्ताको योगदान नहुने भएमा सोही ऐनको दफा ८८ को उपदफा (१) अनुसार १५ प्रतिशतका दरले आयकर बापत कट्टा गर्नुपर्ने भन्ने मौखिक निर्देशन प्राप्त भएअनुसार नै रोजगारकर्ताको योगदान नभएको अवकाश कोष अन्तर्गतको उपदानको भुक्तानी दिँदा आयकर कट्टा गर्दै आइरहेको हो। आयकर कट्टाको बारेमा प्रचलित कानुन तथा सो बारेमा नियमनकारी निकायको निर्देशन अनुसार नै गरिएको हुँदा यस कोषको कुनै पनि काम कारबाहीबाट विपक्षीको संविधान प्रदत्त हक अधिकारमा आघात नपुगेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी **मिति २०७८।१२।३० को नागरिक लगानी कोषको लिखितजवाफ।**

४. आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ मा उल्लिखित अवकाश भुक्तानी सम्बन्धी व्यवस्थामा व्यक्तिले आफ्नो वार्षिक कर गणना गर्ने क्रममा आफ्नो निर्धारणयोग्य आयबाट तोकिएको सिमाभित्र रही योगदान गरेको योगदानमा आधारित अवकाश भुक्तानी हुँदा गणना गरिएको लाभमा पाँच प्रतिशत र यदि व्यक्तिको वार्षिक कर गणना गर्ने क्रममा निर्धारण योग्य आयमा समावेश नगरी रोजगारदाताबाट सोझै रोजगारकर्ताको नाममा जम्मा गरिएको कोषबाट भुक्तानी गरिएको अवकाश भुक्तानीमा पन्ध्र प्रतिशत अग्रिम करकट्टी गर्नुपर्ने स्पष्ट

व्यवस्था रहेको कर्मचारीहरुलाई अवकाश भुक्तानी गर्दा शिर्षक अनुसार अवकाश कोषलाई वर्गिकरण गरी योगदानमा आधारित कोषबाट भएको भुक्तानीमा ५ प्रतिशत र रोजगारकर्ताको कुनै योगदान नहुने कोषबाट भएको भुक्तानीमा १५ प्रतिशत करकट्टी गरी भुक्तानी गरेको कार्य विगतदेखि नै भएको कानुनी व्यवस्था अनुरुप गरेको देखिएकाले यस सम्बन्धमा विपक्षीको मागदाबी कानुन सम्वत नरहेको हुँदा निवेदकको रिट निवेदन खारेज भागी छ भनी **मिति २०७८।१२।२९ को आन्तरिक राजश्व विभागको लिखित जवाफ।**

५. निवेदकले रिट निवेदनमा उठाइएका विषयका सम्बन्धमा यस मन्त्रालयबाट कुनै पनि निर्णय गरिएको अवस्था छैन। आयकर ऐन, २०५८ को सोही ऐनको दफा ६५ को उपदफा (१) तथा सोही उपदफाको खण्ड (ख) समेतका आधारमा कुनै प्राकृतिक व्यक्तिको कुनै स्वीकृत अवकाश कोषमा रहेको योगदानमा आधारित हितबाट वा नेपाल सरकारबाट एकमुष्ठ रुपमा अवकाश भुक्तानी गरिएको छ भने यसरी गरिएको भुक्तानी रकमबाट सो भुक्तानी रकमको पचास प्रतिशत वा पाँच लाख रुपैया मध्ये जुन बढी हुन्छ सो रकम घटाइ हुने भुक्तानीलाई सो प्राकृतिक व्यक्तिको गैर व्यवसायिक करयोग्य सम्पतिको निसर्गबाट प्राप्त लाभ मानिने व्यवस्था रहेको छ। रिट निवेदकले लिएको जिकिर सम्बन्धमा हेर्दा नेपाल सरकारबाट भुक्तानी भएको रकम र योगदानमा आधारित अवकाश भुक्तानी भएको अवस्थामा मात्र ऐनको दफा ८८ को उपदफा (१) को खण्ड (क) को प्रतिबन्धात्मक वाक्याशंको खण्ड (१) आकर्षित हुने हो। विपक्षी निवेदकले प्राप्त गरेको रकम उपरोक्त दुबै अवस्थाको रकम भएको नदेखिँदा सोही ऐनको दफा ८८ को उपदफा (१) बमोजिम नै पन्ध्र प्रतिशत करकट्टी गरेको देखिएको हुँदा रिट निवेदकले लिएको जिकिर औचित्यहिन भई खारेजभागी छ भनी **मिति २०७९।०१।०८ को नेपाल सरकार, अर्थ मन्त्रालयको लिखित जवाफ।**

६. नागरिक लगानी कोष, नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापना भएको र आयकर ऐन,२०५८ को दफा ६३ बमोजिम स्वीकृत प्राप्त अवकाश कोषको रुपमा रहेको देखिन्छ। नागरिक लगानी कोषले विभिन्न अवकाश कोष योजनाहरु सञ्चालन गरी अवकाश भुक्तानी गर्ने गरेको पाईन्छ। सोही योजनाहरुमध्ये उपदान कोष योजना र लगानीकर्ता हिसाब योजना सञ्चालन गरी रोजगारदाता संस्थाहरुले आफ्ना कर्मचारीहरुको सुनिश्चित भविष्यका लागि उल्लिखित योजनाहरुमा जम्मा गरिदिएको उपदान, औषधि, उपचार र सञ्चित बिदाको रकम रोजगारदाता प्रतिष्ठानको जानकारीको आधारमा कर्मचारी अवकाश भएपछि भुक्तानी गर्ने गरेको

पाईन्छ। यसरी उपदान कोष योजना तथा लगानीकर्ता योजनामा रहेको रकम भुक्तानी गर्दा नागरिक लगनी कोषले उपदान, औषधी उपचार र सञ्चित बिदाको अवकाश रकम भुक्तानी गर्दा भुक्तानी रकमको ५० प्रतिशत वा पाँच लाख मध्ये जुन बढी हुन्छ सो रकम घटाई हुने भुक्तानीमा ५ प्रतिशतले करकट्टी गरेको पाईन्छ भने अवकाश प्राप्त कर्मचारीलाई भुक्तानी गरेको उपदान, सञ्चित बिदा तथा औषधि उपचारको रकम रोजगारदाता कम्पनी वा संस्थाहरुले आफ्ना कर्मचारीहरुको अवकाशपछिको सेवा निवृत्त जीवनका लागि संस्थागत रुपमा जम्मा गरेको देखिन्छ। जसमा कर्मचारीको तर्फबाट योगदान भएको देखिँदैन। यस प्रकारको हिताधिकारी कर्मचारी योगदान नहुने कुनै कोष (Non Contributory Fund) बाट भएको भुक्तानीलाई स्वीकृति नलिएको अवकाश कोषमा रहेको हित बापत भएको लाभ मानिने छैन भन्ने ऐ. ऐनको दफा ६५ (२) मा कानुनी व्यवस्था छ। बासिन्दा व्यक्तिबाट भएको अवकाश भुक्तानीको सम्बन्धमा आयकर ऐन,२०५८ को दफा ८८(१) बमोजिम १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ। तर करदाता नागरिक लगानी कोषले उपदान कोष योजना र लगानीकर्ता हिसाब योजनामा रहेको रोजगारदाता कम्पनी वा संस्थामा कार्यरत अवकाश प्राप्त कर्मचारीलाई उपदान, औषधी उपचार र सञ्चित बीमाको रकम भुक्तानी गर्दा भुक्तानी रकमको ५० प्रतिशत वा पाँच लाखमध्ये जुन बढी हुन्छ सो रकम, घटाई हुने भुक्तानीमा ५ प्रतिशतले मात्र करकट्टी गरेको पाईन्छ। निवेदकको जिकिर खम्बीर हुने प्रकृतिको देखिने अवस्था नरहेको हुँदा कानुनी आधारहरुबाट विपक्षी निवेदकले यस कार्यालय समेतलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन त्रुटीपूर्ण देखिएकाले खारेज गरी पाउँ भनी **मिति २०७९।१।१६ को ठुला करदाता कार्यालयको लिखित जवाफ।**

**आदेश खण्ड**

७. नियमबमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री कोपिलप्रसाद अधिकारीले निवेदक श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेडमा नियमित सेवामा रही ४ वर्ष करार सेवामा कार्यकारी प्रमुख पदमा नियुक्ति पाई करार सेवा समाप्त भएपश्चात उक्त कम्पनीले नागरिक लगानी कोषबाट पाउनुपर्ने अवकाश कोष (उपदान) रकम भुक्तानी दिनु भनी रु.१,७७,६४,२९१।७८ रकम किटानी गरी लेखेकोमा उक्त २०५८ साल पछिको उपदान रकममा ५ प्रतिशत कर कट्टा पछि बाँकी र कर नलाग्ने २०५८ साल अघिको रकम समेत गरी भुक्तानी पाउनुपर्नेमा कोषले कम रकम रकमान्तर गरी

पठाएकोले बुझ्दा १५ प्रतिशतको दरले कर कट्टी गरेको भन्ने बुझियो। आयकर ऐन,२०५८ को दफा ८८ को प्रतिबन्धात्मक वाक्यांश(१) अनुसार निवेदकको २०५८ साल पछिको रकममा ५ प्रतिशत मात्र कर लगाउनुपर्नेमा १५ प्रतिशतको दरले कर कट्टी गरेको यस अदालतबाट वेदवहादुर लावती समेत विरुद्ध आन्तरिक राजश्व विभाग समेत भएको ०७५-WO-०५१२ को रिट निवेदनमा प्रतिपादित सिद्दान्तसमेतको विपरित छ। मेरो कम्पनी फाइनान्स कम्पनी हुँदा राष्ट्र बैंकको स्वीकृति नलिई चल्दै चल्दैन। मेरो तलबको रकम काटी नागरिक लगानी कोषले रकम जम्मा गरेको हुँदा स्वीकृत अवकाश कोषमा जम्मा भएको योगदानमा आधारित अवकाश रकम ५ प्रतिशतको दरले मात्र कट्टी हुनुपर्नेमा १५ प्रतिशतको दरले कट्टी गर्ने गरेको निर्णय बदर गरी ५ प्रतिशत बाहेकको १० प्रतिशत अन्तरिम आदेशबाट रोकिएको रकम निवेदकलाई भुक्तानी दिनु दिलाउनु भन्ने विपक्षीहरुका नाममा परमादेशको आदेशसमेत जारी हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

८. प्रत्यर्थी आन्तरिक राजश्व विभागसमेतको तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री रमादेवी पराजुली तथा श्री हरिशंकर ज्ञवालीले उपदान रकममा १५ प्रतिशतको दरले कर लाग्ने भन्ने सम्मानित अदालतबाट ०६७- WO-००२६ को रिट निवेदनमा निर्णय भएको छ। आयकर ऐन,२०५८ मा अवकाश कोष र अवकाश भुक्तानी बारेमा परिभाषा गरेको छ। ऐनको दफा ८(२)(च) अनुसार अवकाश कोषको रकममा ५ प्रतिशत र १५ प्रतिशत कर लाग्ने अवस्थाहरु छन। यदि कोषमा रकम पठाउँदा व्यक्तिको तलबको रकम कट्टा गरी पठाएको छ, अर्थात हितकारी प्राकृतिक व्यक्तिको योगदान छ भने त्यस्तोमा दफा ८८(१) प्रतिबन्धात्मक वाक्यांश (१) बमोजिम ५ प्रतिशत कर लाग्ने हो तर यसको विपरित रोजगारदाताले आफ्नो तर्फबाट अवकाश कोषमा रकम दाखिल गरेको छ भने त्यस्तो रकम हितकारी प्राकृतिक व्यक्तिको योगदानमा आधारित नहुँदा र रोजगारदाताले तत्काल कर नतिरी प्रोभिजनिङ मात्र गर्ने हुँदा र कोषको रकमबाट लाभग्राहीलाई भुक्तानी गरेको अवस्थामा १५ प्रतिशतले कर तिर्नुपर्ने हुन्छ। रोजगारदाताले कोषमा जम्मा गरिदिने रकम योगदानमा आधारित नहुने हुँदा त्यस्तोमा ५ प्रतिशत मात्र आयकर लाग्छ भन्न मिल्दैन। संयुक्त इजलासबाट ०७५-WO-०५१२ को रिट निवेदनमा भएको व्याख्याले यो विषयलाई नसमेटेको हुँदा रिट निवेदन खारेज हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

९. त्यसैगरी प्रत्यर्थी नागरिक लगानी कोषको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सुमन पौडेलले

नागरिक लगानी कोष आयकर ऐन,२०५८ को दफा ६३ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम स्वीकृति लिइरहनुपर्ने संस्था होइन। नागरिक लगानी कोष ऐन को दफा ३२ बमोजिम यसले योगदानमा आधारित कोषहरु सञ्चालन गरी आएको छ। कोषले सञ्चालन गरेको अवकाश कोष अन्तर्गतको उपदान स्किममा ३०० भन्दा बढी संस्थाहरु आवद्द छन्। संयुक्त इजलासबाट ०७५-WO-०५१२ को रिट निवेदनमा आदेश भएपछि आन्तरिक राजश्व विभागलाई पुर्वादेशको लागि पत्राचार गरिएकोमा जुन रिट निवेदनमा आदेश भयो सोमा मात्र ५ प्रतिशत कट्टा गर्नु अन्यमा १५ प्रतिशतको दरले आयकर कट्टा गर्नु भन्ने जवाफ प्राप्त भएबाट सोही बमोजिम गरिआएको छ। अदालतबाट अन्यथा आदेश भएमा बाहेक नागरिक लगानी कोषले हालसम्म अवकाश कोषको रकममा १५ प्रतिशत आयकर कट्टा गरेर भुक्तानी गरेको छ। तसर्थ रिट निवेदन खारेज हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

१०. रिट निवेदक र प्रत्यर्थी तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु तथा नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ताहरुको बहससमेत सुनी र मिसिल कागज अध्ययन गरी निर्णय तर्फ विचार गर्दा रिट निवेदक कर्मचारीको हितमा भुक्तानी गरिएको अवकाश कोष (उपदान) को रकममा १५ प्रतिशत वा ५ प्रतिशतको दरले आयकर कट्टी गरी भुक्तानी गरिनुपर्ने हो, प्रत्यर्थी नागरिक लागानी कोषले १५ प्रतिशतको दरले कट्टी गरी निवेदकलाई भुक्तानी गरेको मिलेको छ वा छैन, निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन सो कुराको निर्णय दिनुपर्ने हुन आयो।

११. निर्णयतर्फ हेर्दा, निवेदक श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेडमा नियमित सेवामा रही ४ वर्ष करार सेवामा कार्यकारी प्रमुख पदमा नियुक्ति पाई करार सेवा समाप्त भएपश्चात उक्त कम्पनीले नागरिक लगानी कोषबाट पाउनुपर्ने अवकाश कोष (उपदान) रकम भुक्तानी दिनु भनी रु.१,७७,६४,२९१।७८ रकम किटानी गरी मिति २०७८।०८।२३ को पत्र जारी गरेको र उक्त पत्र अनुसार २०५८ साल अघिको उपदान रकम रु.४६,६०,३२३।२९ र २०५८ साल पछिको रकम रु.१,३१,०३,९६८।४९ गरी जम्मा रु.१,७७,६४,२९१,७८ भनी किटानी उल्लेख रहेको छ। उक्त पत्रमा उल्लेख भए अनुसार २०५८ साल पछिको उपदान रकम रु.१,३१,०३,९६८।४९ मा ५ प्रतिशत कर अर्थात रु.६,५५,१९८ कट्टा पछि बाँकी रु.१,२४,४८,७७०।०७ र कर नलाग्ने २०५८ साल अघिको रकम रु.४६,६०,३२३,२९ समत गरी रु.१,७१,०९,०९३।५६ म निवेदकले भुक्तानी पाउनुपर्नेमा

कोषले रु.१,५७,९८,६९६।५१ मात्र निवेदकको बचत खातामा कम रकम रकमान्तर गरी पठाएकोले बुझ्दा १५ प्रतिशतको दरले रु.१९,६५,५९५।२७ कर कट्टी गरेको जानकारी दिइएको छ। आयकर ऐन,२०५८ को दफा ८८ को प्रतिबन्धात्मक वाक्यांश(१) अनुसार म निवेदकको २०५८ साल पछिको उपदान रकममा ५ प्रतिशतका दरले मात्र कर लाग्नुपर्नेमा उक्त व्यवस्थाको उल्लंघन गरी १५ प्रतिशतका दरले करकट्टी गरिनु सारसर गल्ती छ, यसो गरिनु संविधानको धारा ११५(१) समेतको विपरित हुँदा विपक्षीहरुको काम कारबाही उत्प्रेषणको आदेशबाट बदर गरी कानुन बमोजिम ५ प्रतिशत कर कट्टी गरी बाँकी रकम म निवेदकलाई भुक्तानी दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरिपाँउ भन्ने समेत निवेदकको निवेदन जिकिर देखिन्छ भने आयकर ऐन,२०५८ को दफा ८८ को उपदफा (१) मा बासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको व्याज, प्राकृतिक श्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिसन बिक्री बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्नेछ भन्ने व्यवस्था छ। सोही उपदफाको प्रतिबन्धात्मक वक्यांश को खण्ड (१) मा नेपाल सरकार वा स्वीकृत अवकाश कोषबाट भएको योदानमा आधारित अवकाश भुक्तानीको रकममा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा ५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने भन्ने व्यवस्था छ। साथै सोही ऐनको दफा ६५ को उपदफा (१) को खण्ड (ख) समेतको व्यवस्थाका आधारमा सरकारबाट भुक्तानी भएको रकम र योगदानमा आधारित अवकाश भुक्तानी भएको अवस्थामा मात्र उक्त ऐन को दफा ८८(१) (क) को प्रतिबन्धात्मक वाक्यांश खण्ड (१) आकर्षित हुने हो। रिट निवेदककले प्राप्त गरेको रकम उपरोक्त दुबै अवस्थाको रकम भएको नदेखिँदा सोही ऐनको दफा ८८(१) बमोजिम नै १५ प्रतिशत करकट्टी गरेको कानुन सम्मत नै हुँदा रिट निवेदन खारेज भागी छ भन्ने आन्तरिक राजश्व विभागको लिखितजवाफ र नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व कार्यालय र ठुला करदाता कार्यालयको करिब एउटै व्यहोराको अलग-अलग लिखितजवाफ देखिन्छ भने यस कोषबाट संचालित अवकाश कोषमा रकम भुक्तानी दिँदा आयकर ऐन,२०५८ को दफा ६५(१) को देहाय खण्ड (ख) अनुसार आयकर कट्टा गरी भुक्तानी दिँदै आएकोमा यस कोषको मिति २०७५।६।२४ को अनुगमनको क्रममा ठुला करदाता कार्यालय, हरिहरभवनबाट कर्मचारीहरुको निवृत्त वा राजिनामा दिई सेवाबाट अलग हुँदाका बखत रकम फिर्ता भुक्तानी गर्दा योगदानमा आधारित कोषका लागि

आयकर ऐन,२०५८ को दफा ६५(ख) अनुसार ५ प्रतिशतका दरले र रोजगारकर्ताको योगदान नहुने भएमा सोही ऐनको दफा ८८ को उपदफा (१) अनुसार १५ प्रतिशतका दरले आयकर बापत कट्टा गर्नुपर्ने भन्ने मौखिक निर्देशन प्राप्त भएअनुसार नै रोजगारकर्ताको योगदान नभएको अवकाश कोष अन्तर्गतको उपदानको भुक्तानी दिँदा आयकर कट्टा गर्दै आइरहेको हो भन्नेसमेत नागरिक लगानी कोषको लिखितजवाफ देखिन्छ।

१२. उपर्युक्त रिट निवेदन जिकिर र लिखित जवाफको सन्दर्भमा हेर्दा निवेदक श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेडमा नियमित सेवामा रहने क्रममा चार वर्ष करार सेवामा कार्यकारी प्रमुख पदमा कार्य गरी करार सेवा समाप्त भएपश्चात उक्त कम्पनीले नागरिक लगानी कोषबाट पाउनुपर्ने अवकाश कोष (उपदान) को रकममा १५ प्रतिशत वा ५ प्रतिशतका दरले आयकर कट्टी गरी भुक्तानी गरिनुपर्ने हो भन्ने नै मुल प्रश्न रहेको छ। सो तर्फ हेर्दा, निवेदक सेवारत श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड अवकाश कोषको लागि आन्तरिक राजश्व विभागबाट स्वीकृति प्राप्त बासिन्दा कम्पनी हो भन्ने नदेखिएतापनि सो कम्पनीबाट अवकाश कोष बापतको रकम नागरिक लगानी कोषमा जम्मा गरिएको र नागरिक लगानी कोषले सो अवकाश कोषको सञ्चालन गरेको भन्ने देखिन्छ। निवेदकको करार सेवा अवधि समाप्त भएपछि मिति २०७८।०८।२३ मा कम्पनीले नागरिक लगानी कोषलाई "अवकाश कोष" को रकम भुक्तानीको लागि पत्र लेखेको र अवकाश कोषमा जम्मा रकममध्ये १५ प्रतिशत आयकर कट्टा गरी निवेदकलाई रकम भुक्तानी गरिएबाट प्रस्तुत रिट निवेदन पर्न आएको देखिन्छ। अवकाश कोषबाट पाउने भुक्तानीमा १५ प्रतिशत नभई ५ प्रतिशत करकट्टी हुनुपर्छ भन्ने निवेदकको जिकिर छ।

१३. निवेदकले पाउने भुक्तानीमा के-कति प्रतिशतको दरले करकट्टी गर्नु पर्ने हो भन्ने प्रश्नको निरुपण गर्नु अघि अवकाश कोष सम्बन्धी व्यवस्था के हो, यसको अवधारणा के हो भन्ने बारे बुझ्ने र आयकर ऐन,२०५८ मा गरिएका व्यवस्थाहरु बारे गहिरिएर विवेचना गर्नुपर्ने हुन आयो। सामान्य भाषामा भन्दा सेवारत कर्मचारीको अवकाशको समयमा भुक्तानी गर्ने रकमको व्यवस्था गर्ने प्रयोजनको लागि खडा भएको कोष नै अवकाश कोष भनी बुझ्न सकिन्छ। आयकर ऐन,२०५८ को दफा २(घ) मा **अवकाश कोष**को परिभाषा गरिएको छ जहाँ **"अवकाश कोष" भन्नाले निकायको हिताधिकारी प्राकृतिक व्यक्ति वा निजको आश्रितलाई कोषबाट अवकाश भुक्तानी प्रदान गर्ने प्रयोजनको लागि अवकाश योगदान रकम स्वीकार गर्ने र सो रकम लगानी गर्ने**

**उद्देश्यले मात्र स्थापना भएको निकाय सम्झनु पर्छ"** भन्ने उल्लेख भएको पाइन्छ। उक्त व्यवस्थामा रहेको अवकाश भुक्तानी भन्ने शब्दहरुको परिभाषा दफा २(ङ) मा गरिएको छ र "अवकाश भुक्तानी" भित्र (१) प्राकृतिक व्यक्तिले अवकाश लिएको अवस्थामा निजलाई दिइने भुक्तानी वा (२) प्राकृतिक व्यक्तिको मृत्यु भएको अवस्थामा निजको आश्रितलाई दिइने भुक्तानी भन्ने व्यवस्था गरिएको पाइन्छ। यसबाट अवकाश कोष हिताधिकारी प्राकृतिक व्यक्ति (प्रस्तुत सन्दर्भमा रोजगारकर्ता वा कर्मचारी) ले अवकाश लिएको अवस्थामा वा सो रकम नपाउँदै निजको मृत्यु भएमा निजको आश्रितलाई दिने भुक्तानीको प्रयोजनको लागि स्थापना भएको कोष रहेछ भनी बुझ्नुपर्ने हुन आयो। उक्त परिभाषाबाट अवकाश भुक्तानीको रकम तलब वा भत्ता जस्तो प्रति महिना गरिने भुक्तानी नभै हिताधिकारी प्राकृतिक व्यक्तिले सेवाबाट अवकाश लिने अवस्थामा एक पटक र अन्तिम रुपमा पाउने भुक्तानी रहेछ भन्ने पनि सहजै बुझ्न सकिन्छ।

१४. आयकर ऐनको माथि उल्लिखित दफा २(घ) मा अवकाश योगदान रकम भन्ने शब्दावली पनि प्रयोग भएको छ। अवकाश कोष, अवकाश योगदान रकमबाट खडा हुने हुँदा अघि बढ्नु अघि उक्त दफामा प्रयुक्त अवकाश योगदान रकम भन्ने शब्दहरुबारे पनि स्पष्ट हुनु जरुरी देखिन्छ। यसबारे स्पष्ट गर्दै दफा २(च) मा **"अवकाश योगदान रकम" भन्नाले अवकाश भुक्तानीको अवस्था वा सोको भविष्यमा गरिने व्यवस्थाको लागि अवकाश कोषमा गरिएको भुक्तानी सम्झनु पर्छ"** भनिएको पाइन्छ। यसबाट यस्तो रकमको व्यवस्था हिताधिकारी प्राकृतिक व्यक्तिले अवकाश पाउने अवस्थामा तत्काल वा निजको भविष्यमा हुने अवकाशको लागि कोषमा जम्मा गर्ने प्रयोजनको लागि गरिएको भुक्तानी रहेछ भन्ने पनि बुझ्नुपर्ने देखियो।

१५. सामान्यरुपमा हेर्दा हिताधिकारी प्राकृतिक व्यक्तिले रोजगारीको अन्तिम समयमा सेवाबाट अवकाश लिँदा प्राप्त गर्ने भुक्तानी भएपनि यो रोजगारीको शिलशिलामा योगदान भई कोषमा जम्मा हुने रकम हुँदा यसलाई रोजगारीबाट प्राप्त हुने आयको रुपमा हेर्नुपर्ने हो कि भन्ने पनि प्रश्न उठ्न सक्छ। विद्वान सहन्यायाधिवक्ताहरुले बहसको क्रममा सो जिकिर लिनुभएको पनि छ। तर दफा ८ कै व्यवस्थाहरुको समन्वयात्मक अर्थ गर्दा यो रोजगारीको सिलसिलामा सृजित भएपनि रोजगारीको आयमा गणना हुने वा समावेश हुने आय रहेनछ भन्ने देखिन्छ। आयकर ऐन,२०५८ को दफा ८ को उपदफा (२) मा प्राकृतिक व्यक्तिलाई दिइएका पारिश्रमिकको रुपमा गणना गरिनुपर्ने भुक्तानी मध्ये देहाय खण्ड (च) मा **"अवकाश भुक्तानी र रोजगारदाताले सो कर्मचारीको लागि अवकाश कोषमा जम्मा गरेको रकम समेतको अवकाश योगदानलाई** पनि

गणना गर्नुपर्ने भनी उल्लेख भएतापनि उपदफा (३) मा "उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको पारिश्रमिकको गणना गर्दा देहायका कुराहरु समावेश गर्नुपर्ने छैन" भन्ने उल्लेख भई देहाय खण्ड (क) मा "अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी" भन्ने शब्दावली प्रयोग भएको छ। उपदफा (३) अपवादात्मक व्यवस्था (overriding provision) हुँदा उपदफा (३) को व्यवस्था नै कायम हुने र अवकाश कोषको रकम अन्तिम रुपमा करकट्टी हुने विषय हुँदा रोजगारीबाट भएको आयमा गणना हुने आय रहेनछ भन्ने देखिन्छ। यो कुराको समर्थन दफा ६३ को उपदफा (२) र (३) को व्यवस्थाबाट पनि हुन्छ। उपदफा (२) मा "स्वीकृत अवकाश कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा सो कोषमा थप गरेको अवकाश योगदान आफ्नो करयोग्य आयको गणना गर्दा घटाई पाउन दाबी गर्न सक्नेछ[1]" भन्ने व्यवस्था छ भने उपदफा (३) अनुसार त्यस्तो दाबी गरिएको रकम तोकिएको अवकाश योगदानको सीमा भित्र रहेमा सो दाबी सम्बन्धित व्यक्तिको सो आय वर्षको आयमा गणना नगरिने व्यवस्था रहेको देखिन्छ। यी दुबै कुरा हिताधिकारी प्राकृतिक व्यक्तिले गर्ने व्यवस्था हुन। उपदफा (२) बमोजिम करयोग्य आयमा घटाइ पाउन दाबी गर्ने वा नगर्ने कुरा निजले गर्ने हो र दाबी गरेमा उपदफा (३) ले तोकेको सीमासम्म आयमा गणना नगरिने व्यवस्था हो। तर अवकाश कोषको रकमको भुक्तानी र त्यसमा के कति कर लाग्छ भन्ने अलगै व्यवस्था हो। यो अन्तिम भुक्तानीको विषय हुँदा यसलाई वार्षिक आय गणना गर्ने वा नगर्ने कुरासंग जोडेर हेर्न मिल्ने हुँदैन। दफा ६३ को उपदफा (२) र (३) को व्यवस्थाबाट समेत हिताधिकारी प्राकृतिक व्यक्तिले अवकाश कोषमा गरेको योगदान सो व्यक्तिको सो वर्षको करयोग्य आयमा गणना गरिंदैन भन्ने नै अर्थ लाग्ने हुँदा अवकाश कोषबाट प्राप्त हुने लाभलाई रोजगारीको आयमा राखी गणना गर्न मिल्ने देखिँदैन। रोजगारीको आयमा गणना नगरिने र माथि उल्लेख गरेअनुसार अवकाश कोषको रकम अवकाश अवस्थामा प्राप्त हुने आय हुँदा यसलाई दफा ८(३)(क) बमोजिम "अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी" भनी बुझ्नुपर्ने हुन्छ। ऐनको दफा ९२(१) मा **अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी** बारे व्यवस्था गर्दै देहाय खण्ड (छ) मा नेपाल सरकार वा स्वीकृत अवकाश कोष वा

[1] आयकर नियमावली,२०५९ को नियम २१ अनुसार कुनै आय वर्षमा स्वीकृत अवकाश कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले अवकाश कोषमा अवकाश योगदान गर्दा तीन लाख वा निजको निर्धारण योग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो रकम निजको करयोग्य आयबाट घटाउन सक्नेछ।

स्वीकृति नलिएको अवकाश कोषबाट भुक्तानी गरिएको अवकाश भुक्तानी समेत सबै प्रकारका अवकाश भुक्तानी (नियमित रुपमा भुक्तानी हुने निवृत्तिभरण बाहेक) भन्ने उल्लेख भएको छ। यसबाट पनि अवकाश कोषको रकमलाई रोजगारीको आयमा गणना गर्न मिल्ने देखिँदैन। अर्को शब्दमा आयकर ऐन, २०५८ को दफा ८(२), दफा ८(३)(क), दफा ६३(२)(३) र दफा ९२(१) को समन्वयात्मक अर्थ गर्दा आयकरको प्रयोजनको लागि अवकाश कोषको रकममा कर चाहिँ लाग्ने रहेछ तर यो रोजगारीको आयमा भने गणना नहुने हुँदा पारिश्रमिक करको रुपमा हेर्न र सो हिसाबबाट करको रकम निर्धारण गरी कट्टी गर्न मिल्ने रकम होइन रहेछ; अर्थात, यो अवकाश कोषबाट गरिने भुक्तानी भई हितकारी प्राकृतिक व्यक्तिको रोजगारीको अन्त्यमा एकपटक गरिने भुक्तानी हुँदा सोही रुपमा बुझी करकट्टीको हिसाब गरिनुपर्ने विषय रहेछ भन्ने देखिन्छ।

१६. अवकाश कोषको विषयमा चर्चा गर्दा अर्को एउटा विषयमा पनि विचार गर्नुपर्ने देखिन्छ। आयकर ऐनले स्वीकृत अवकाश कोष (approved retirement fund) र अस्वीकृत अवकाश कोष (unapproved retirement fund) अर्थात स्वीकृति नलिई निकायहरुले हितकारी प्राकृतिक व्यक्तिको अवकाशको अवस्थामा भुक्तानी दिन सञ्चालन गरेको कोषसमेत गरी दुई किसिमको अवकाश कोषको परिकल्पना गरेको छ। आयकर ऐनको दफा २(कभ) मा "स्वीकृत अवकाश कोष" भन्नाले दफा ६३ को उपदफा (१) बमोजिम विभागबाट स्वीकृति प्राप्त गरेको अवकाश कोष सम्झनुपर्छ भन्ने उल्लेख छ। दफा ६३ को उपदफा (१) मा दुई प्रकारका अवकाश कोषहरु बारे व्यवस्था रहेको देखिन्छ; यी मध्ये पहिलो आन्तरिक राजश्व विभागबाट स्वीकृति लिई बासिन्दा व्यक्तिले सञ्चालन गर्ने अवकाश कोष र दोस्रो स्वीकृति नै लिनु नपर्ने नागरिक लगानी कोष ऐन, २०४७, सामाजिक सुरक्षा कोष ऐन, २०७४, सञ्चय कोष ऐन, २०१९ र निवृतिभरण कोष ऐन, २०७५ अन्तरगत सञ्चालित अवकाश कोष। यी दुबै स्वीकृत अवकाश कोषको वर्गमा पर्ने कोष हुन्। तर यी बाहेक स्वीकृति नलिइएका अन्य अवकाश कोष (unapproved retirement fund) को परिकल्पना पनि आयकर ऐनको दफा ६५(२), दफा ८८(२) र अन्य दफाहरुले गरेको देखिन्छ[2]। अवकाश भुक्तानीको गणना गर्दा स्वीकृत वा अस्वीकृत कोषमध्ये कुन कोषबाट

[2] दफा ८८(२) अन्तरगत मुल व्यवस्थामा स्वीकृत नलिएको अवकाश कोषबाट प्राप्त लाभमा दश प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने छ भन्ने व्यवस्था रहेकोमा सो व्यवस्थामा आर्थिक ऐन,२०६६ ले संशोधन कायम गरी आर्थिक ऐन,२०७५ ले पाँच प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था कायम रहेको देखिन्छ।

भुक्तानी गर्न लागिएको हो भन्ने हेरी सोको हिसाब अलग-अलग तरिकाबाट हुने देखिन्छ। उदाहरणको लागि ऐनको दफा ६५ को उपदफा (१) मा गरिएको व्यवस्था अनुसार "कुनै प्राकृतिक व्यक्तिको कुनै स्वीकृत अवकाश कोषमा रहेको योगदानमा आधारित हित भएको वा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी आय गणना गर्ने प्रयोजनको लागि त्यस्तो भुक्तानी प्राकृतिक व्यक्तिको आयमा समावेश हुने र सो को हिसाब गर्दा भुक्तानी रकमको **पचास प्रतिशत वा पाँच लाख मध्ये जुन बढी हुन्छ सो रकम मा कुनै कर नलाग्ने**" हुँदा सो रकम घटाई हुने भुक्तानीलाई सो प्राकृतिक व्यक्तिको गैरव्यावसाहिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त लाभ मानिन्छ। तर स्वीकृति नलिएको अवकास कोषमा रहेको हितबाट लाभको गणना गर्दा भने दफा ६५ कै उपदफा (२) मा गरिएको व्यवस्था अनुसार कुनै रकम घटाई गणना नगरी समग्र लाभको गणना गरिनुपर्ने हुन्छ। साथै, सोही उपदफाको स्पष्टिकरणमा हिताधिकारीको योगदान नहुने कुनै कोष (non contributory fund) बाट भएको भुक्तानीलाई स्वीकृति नलिएको अवकाश कोषमा रहेको हित बापत भएको लाभ मानिने छैन[3] भन्ने पनि उल्लेख भएकोबाट स्वीकृति नलिएको अवकाश कोषको हकमा हिताधिकारीको योगदान अनिवार्य रहेछ; अन्यथा कोषबाट भएको भुक्तानीको गणना दफा ६५ को उपदफा (२) बमोजिम हुने रहेनछ भन्ने देखिन्छ।

१७. यहाँ मुख्य विवाद अवकाश कोषको रकम भुक्तानी गर्दा कति प्रतिशतले कर कट्टी गर्नुपर्ने हो भन्ने रहेबाट हेर्दा निवेदकका अनुसार आयकर ऐन,२०५८ को दफा ८८ को प्रतिबन्धात्मक वाक्यांश (१) अनुसार आफ्नो २०५८ साल पछिको उपदान रकममा ५ प्रतिशतले मात्र कर लाग्नुपर्नेमा उक्त व्यवस्थाको उल्लंघन गरी १५ प्रतिशतका दरले करकट्टी गरियो भन्ने छ भने प्रत्यर्थी अन्तरिक राजश्व विभाग समेतको लिखित जवाफमा सरकारबाट भुक्तानी भएको रकम र **योगदानमा आधारित अवकाश भुक्तानी** भएको अवस्थामा मात्र ऐ.को दफा ८८(१) (क) को प्रतिबन्धात्मक वाक्यांश खण्ड (१) आकर्षित हुने हो। रिट निवेदकले प्राप्त गरेको रकम उपरोक्त दुबै अवस्थाको रकम भएको नदेखिँदा सोही ऐनको दफा ८८(१) बमोजिम नै १५

---

[3] उपदफा (२) मा "स्वीकृति नलिएको अवकाश कोषमा रहेको हितबाट भएको लाभ" बारे व्याख्या गर्दै सो उपदफाको स्पष्टिकरणमा "सो कोषमा रहेको हित बापत हिताधिकारी प्राकृतिक व्यक्तिबाट बुझाइएको अवकाश योगदानहरुको रकम भन्दा सो कोषबाट सो व्यक्तिको हित बापत सो व्यक्तिलाई गरिएको अवकाश भुक्तानी बढी भए बढि भए जतिको रकम सम्झनुपर्छ भन्ने उल्लेख गरिएको छ भने सो व्यवस्थामा थप स्पष्टिकरण राखदै " तर हिताधिकारीको योगदान नहुने कुनै कोष (नन कन्ट्रिब्युटरी फण्ड) बाट भएको भुक्तानीलाई स्वीकृत नलिएको अवकाश कोषमा रहेको हित बापत भएको लाभ मानिने छैन" भन्ने पनि उल्लेख भएको पाइन्छ।

प्रतिशतले करकट्टी गरेको कानुनसम्मत छ भन्ने जिकिर रहेको छ। यहाँ दुबै पक्षको जिकिर दफा ८८ मा आधारित देखिँदा सो कानुनी व्यवस्थाको विश्लेषण गरी निर्णय निष्कर्षमा पुग्नुपर्ने देखियो। आयकर ऐन,२०५८ को दफा ८८ को उपदफा (१) मा देहायको व्यवस्था रहेको देखिन्छः

> **"(१) बासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको ब्याज, प्राकृतिक श्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले करकट्टी गर्नु पर्नेछ।"**

१८. उक्त व्यवस्थामा विभिन्न शीर्षकमा गर्नुपर्ने भुक्तानीहरुमध्ये **"अवकाश कोषको भुक्तानी र अन्य कुनै प्रतिफल र अवकाश भुक्तानी"** प्रस्तुत विवादसंग सम्बन्धित देखिन्छ। उक्त कानुनी व्यवस्थाको सरसर्ती अध्ययन गर्दा **अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले करकट्टी गर्नुपर्ने रहेछ भन्ने देखिन्छ।** तर यो व्यवस्था यतिमा मात्रै सीमित छैन। सोही दफाको प्रतिबन्धात्मक वाक्यांश मा "तर देहायको भुक्तानीमा देहायका दरले कर कट्टी गर्नुपर्नेछ" भन्दै देहाय खण्ड (१) मा निम्न बमोजिमको व्यवस्था रहेको देखिन्छः

> **"(१) नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत अवकाश कोषबाट भएको योगदानमा आधारित अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतका दरले"**

१९. उक्त प्रतिबन्धात्मक वाक्यांशमा रहेको व्यवस्थाको विश्लेषण गर्दा दुईवटा स्थिति देखिन्छ। पहिलो, नेपाल सरकारबाट भएको अवकाश भुक्तानी; अर्थात, नेपाल सरकारबाट हितकारी प्राकृतिक व्यक्तिको अवकाशको समयमा गरिने अवकाश भुक्तानी चाहे उपदान होस, वा सञ्चय कोषको रकम होस वा सञ्चित बिदा बापतको रकम वा औषधि उपचार खर्च, वा बिमाको रकम वा अन्य कुनै भुक्तानी होस त्यस्तो भुक्तानीमा पाँच प्रतिशत दरले करकट्टी हुने देखिन्छ[4]। यसमा कुनै विवाद वा संसय रहन सक्ने देखिँदैन। तर यदि त्यस्तो भुक्तानी नेपाल सरकारबाट गरिएको नभई स्वीकृत अवकाश कोषबाट भएको भुक्तानी रहेछ भने त्यसमा पाँच प्रतिशतका दरले कर

[4] आयकर निर्देशिका,२०६६ मा अवकाश भुक्तानीका दृष्टान्त बारे यसो भनिएको छः "सामान्यतयाः अवकाश भुक्तानीका उदाहरणमा अवकाश कोषमा योगदान गरे वापत गरिने भुक्तानी, उपदान, सञ्चयकोष, सञ्चित बिदा बापतको भुक्तानी, औषधि उपचार खर्च, दीर्घ सेवा सुविधा ((Long Service Gratuity) कल्याणकारी कोषबाट भुक्तानी वा अवकाशको समयमा प्राप्त हुने यस्तै प्रकारका अन्य भुक्तानी पर्दछन" भनिएको छ।

कट्टी हुने वा पन्ध्र प्रतिशतका दरले कर कट्टी गरिनुपर्ने हो भन्ने सन्दर्भमा "योगदानमा आधारित अवकाश भुक्तानी" भन्ने शब्दावलीको अर्थ गरिनुपर्ने हुन आयो। यो रोजगारकर्ता वा रोजगारदाता कसको योगदान हो, यदि रोजगारकर्ताबाट नभई नेपाल सरकारबाट गरिने अवकाश भुक्तानीमा जस्तै रोजगारदाताबाट रकम योगदान गरिएकोमा त्यसलाई योगदानमा आधारित अवकाश भुक्तानी भन्न मिल्छ वा मिल्दैन भन्ने प्रश्नहरु यहाँ उत्पन्न हुन आएका छन। यस सन्दर्भमा समानताको सिद्दान्तले के भन्छ, न्यायले के भन्छ भन्ने पनि हेर्नुपर्ने हुन आएको छ।

२०. सो सन्दर्भमा हेर्दा, आयकर ऐन,२०५८ को दफा २(घ)(ङ) र (च) मा क्रमशः अवकाश कोष, अवकाश भुक्तानी[5] र "अवकाश योगदान रकम" को परिभाषा दिइएको छ जसको उल्लेख माथि गरिसकिएको छ। दफा २(च) मा गरिएको **अवकाश योगदान रकम**को हकमा हेर्दा, दफा २(च) मा **"अवकाश भुक्तानीको अवस्था वा सो को भविष्यमा गरिने व्यवस्था"** भन्ने शब्दावली प्रयोग भएबाट हिताधिकारी प्राकृतिक व्यक्तिको **अवकाशको अवस्थामा** कोषमा गरिएको भुक्तानी पनि अवकाश योगदान रकम हुन सक्ने देखियो। अवकाशको अवस्थामा हिताधिकारी प्राकृतिक व्यक्ति आफै अवकाश हुन लाग्ने हुँदा सो अवस्थामा निजले कोषमा रकम योगदान गर्ने कुरा स्वभाविक र यथार्थपरक हुदैन। किनभने अवकाशको अवस्थामा योगदान गर भन्नु एकहातले दिने र अर्को हातले लिने जस्तै हुन्छ। त्यसैले **अवकाशको अवस्थामा** गरिने योगदान यथार्थमा रोजगारदाता निकायले नै गर्ने हुँदा सो योगदानलाई पनि "अवकाश योगदानको रकम" मान्नुपर्छ भन्ने उक्त परिभाषाको आशय देखिन्छ।

२१. माथिको व्याख्यासंग सुसंगत अर्थ आयकर निर्देशिका,२०६६ ले पनि गरेको छ। अवकाश योगदान रकम बारे व्याख्या उक्त निर्देशिकाको पृष्ठ १० मा **"प्राकृतिक व्यक्ति आफैले वा सम्बद्द व्यक्ति अर्थात रोजगारकर्ताको हकमा रोजगारदाताले जम्मा गरिदिएको योगदान रकमलाई जनाउछ"** भन्ने उल्लेख भएको छ। आयकर निर्देशिकामा गरिएको उपर्युक्त व्याख्यासमेतको रोहमा हेर्दा स्वीकृति प्राप्त अवकाशको हकमा योगदानमा आधारित अवकाश भुक्तानी हुनको लागि रोजगारकर्ता वा रोजगारदातामध्ये जसले अवकाश कोषमा योगदान गरेको भएपनि हुने देखिन्छ। यो व्याख्या सञ्चयकोष बाहेक अवकाश कोषबाट गरिने अन्य भुक्तानीहरु जस्तो

[5] अर्थात उपदान, सञ्चयकोष, सञ्चित बिदा बापतको भुक्तानी, औषधि उपचार खर्च, दीर्घ सेवा सुविधा ((Long Service Gratuity) कल्याणकारी कोषबाट भुक्तानी आदि।

उपदान, वा सञ्चित बिदा बापतको रकम वा औषधि उपचार खर्च, आदिको हकमा मिल्दो देखिन्छ किनभने यी मध्ये कुनै शिर्षकमा पनि रोजगारकर्ताले प्रत्यक्षतः योगदान गरेको हुँदैन, तर रोजगारकर्तालाई सेवामा आकर्षित गर्न र अवकाशको समयमा एकै पटक भुक्तानीको भार नपरोस भनी रोजगारदाताले कोषमा रकम योगदान गरेको हुन्छ।

२२. अवकाश कोषमा गरिने योगदानको विषयलाई नेपालको संविधानको धारा १८ मा समानताको हक र धारा ३४ मा श्रमिकको सामाजिक सुरक्षाको हक प्रत्याभुत गरेको सन्दर्भमा समेत हेरिनुपर्ने हुन्छ। रोजगारकर्ता नागरिकको बुढेशकालको हितको सुरक्षा गर्न धारा ३४(२) मा "योगदानमा आधारित अवकाश भुक्तानी" को व्यवस्था भएबाट अवकाश कोषबाट प्राप्त हुने लाभको भुक्तानी गर्दा चाहे सरकारी क्षेत्रमा काम गर्ने रोजगारकर्ता होस वा सो बाहेकको क्षेत्रमा काम गर्ने रोजगारकर्ता, कोषमा रोजगारकर्ता वा रोजगारदाता वा दुवैको योगदानलाई समेटी गरिनु न्यायपूर्ण हुने देखिन्छ। संविधानद्वारा प्रत्याभुत माथि उल्लिखित हकहरुको परिप्रेक्ष्यमा समेत दफा ८८(१) को प्रतिबन्धात्मक वाक्यांशको यी दुई वर्गका कर्मचारीको हकमा असमान कर दायित्व पर्ने गरी अर्थ गरिनु समानताको सिद्दान्तसमेत अनुकुल हुने देखिँदैन। यदि रोजगारकर्ता र रोजगारदाता दुवैले अनिवार्यरुपमा योगदान गरेको हुनुपर्छ भन्ने हो भने पनि यो कर प्रशासनद्वारा सुनिश्चित गरिनुपर्ने कुरा हो, आयकर नियमावली,२०५९ को नियम २० र आयकर निर्देशिका,२०६८ समेतका व्यवस्थाहरुको रोहमा समेत यसको लागि प्रत्यर्थीहरु जिम्मेदार रहन्छन् न कि रोजगारकर्ता। अवकाश कोषको रकमको लगानी कोषको सञ्चालकले आफुले रोजेको क्षेत्रमा स्वतन्त्ररुपले गर्न पाउने नभै आयकर नियमावली, २०५९ को नियम २०(२) बमोजिम नेपाल सरकारबाट स्वीकृत लगानीमा गर्नुपर्ने[6] भएबाट समेत परोक्षरुपमा अवकाश कोष सरकारले मुलुकको विकासमा लगानीको लागि सृजना गरेको कोष रहेछ भन्ने पनि बुझिन्छ। यसबाट समेत यो कोषमा रोजगारकर्ताले योगदान गरेको छैन वा रोजगारकर्ताको नाम तोकेर प्रत्येकले पाउने रकम देखाई जम्मा गरेको छैन वा रोजगारदाताले सामुहिक रुपमा अवकाश कोषमा योगदान गरेको छ भन्ने आदि अत्तो थापेर परिश्रम बेच्ने सरकारी सेवाका रोजगारकर्ताको हकमा सरकारले गरेको अवकाश भुक्तानीमा पाँच प्रतिशतले करकट्टी हुन्छ भन्ने तर सरकारको कुनै दायित्व नपर्ने बासिन्दा व्यक्ति (रोजगारदाता) ले हितकारी प्राकृतिक व्यक्ति (रोजगारकर्ता) को लागि स्वीकृत अवकाश कोषमा गरेको योगदानमा चाहिँ १५ प्रतिशतका

[6] यसभित्र नागरिक लगानी कोष, ऋणपत्र, बैंकसंग सहवित्तियकरणको आधारमा र हिताधिकारीलाई गरिएको लगानी पर्ने देखिन्छ।

दरले कर लाग्छ भन्नु न्यायपूर्ण हुने देखिँदैन। नेपालको संविधानको धारा ३४(२) ले नै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भनी श्रम सम्बन्धी हक प्रत्याभुत गरेको अवस्थामा स्वीकृत अवकाश कोषमा जम्मा भएको योगदानमा आधारित अवकाश कोष साविकदेखि कट्टा हुँदै आएको रकममा २०७५।३।३२ पछि १५ प्रतिशतले कर कट्टी हुन्छ भन्नु सामाजिक सुरक्षाको हक समेतको विपरित हुने देखियो।

२३. आयकर ऐनको विकासलाई हेर्दा पनि अवकाश भुक्तानीको विषयमा आयकर ऐन,२०५८ को दफा ८८(१) को व्यवस्थामा समय अनुसार परिवर्तन भएको देखिन्छ। सो दफाको मुल व्यवस्था हेर्दा प्रतिबन्धात्मक वाक्यांशमा **"तर स्वीकृत अवकाश कोषबाट भुक्तानी भएको सञ्चयकोष र उपदानमा छ प्रतिशतका दरले मात्र करकट्टी गर्नु पर्नेछ"** भन्ने रहेकोमा आर्थिक अध्यादेश,२०५९ ले सञ्चय कोष र उपदानको सट्टा "भुक्तानी" भन्ने शब्द प्रयोग गरेको देखिन्छ। त्यसैगरी २०६३ मा "अवकाश भुक्तानी" भन्ने र आर्थिक ऐन,२०७१ ले **"स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानी"** भन्ने शब्दावली प्रयोग गरेको देखिन्छ[7]। पछि २०७५ सालमा आएर आर्थिक ऐन,२०७५ मा मात्र **"योगदानमा आधारित अवकाश कोष"** भन्ने शब्दावली प्रयोग भएको देखिन्छ। आयकर निर्देशिका,२०६८ ले गरेको व्यवस्था अनुसार अवकाश कोषबाट गरिने भुक्तानी उपदान, वा सञ्चित बिदा बापतको रकम वा औषधि उपचार खर्च, आदिको हकमा नै आकर्षित हुने र आयकर नियमावली,२०५९ को नियम २० ले तोकेको सर्तमा मात्र स्वीकृत अवकाश कोषको स्थापना र सञ्चालन हुन सक्ने हुँदा हाल कायम रहेको ऐनमा "योगदानमा आधारित अवकाश भुक्तानी" भन्ने शब्दावली उल्लेख भएको कारण स्वीकृत अवकाश कोषबाट गरिएको अवकाश भुक्तानीमा सम्बन्धित कर्मचारीको योगदान नरहेको भन्ने जिकिर लिई दफा ८८(१) को मुल व्यवस्था अनुसार अवकाश कोषको भुक्तानीमा १५ प्रतिशत करकट्टी गरिनुपर्छ भनी अर्थ गर्न मिल्ने देखिएन।

२४. यहि प्रश्न यस अघि *वेदबहादुर लावती समेत विरुद्ध राष्ट्रिय वाणिज्य बैंकसमेत* भएको रिट निवेदन (०७५-WO-०५१२) र *रामवृक्ष मण्डल विरुद्ध कृषि विकास बैंकसमेत* भएको रिट निवेदन (०७५-WO-०६१३) मा समेत उठेकोमा यस अदालतको संयुक्त इजलासबाट "वस्तुतः आयकर ऐन,२०५८ को दफा ८८ को उपदफा (१) को व्यवस्था वयक्तिको आयमा गणना हुने श्रोतमा

---

[7] कर कट्टिको हकमा शुरुमा "छ प्रतिशतको दरले" करकट्टी हुने व्यवस्था रहेकोमा २०७१ सालमा आएर "पाँच प्रतिशत कर कट्टी" व्यवस्था गरिएको पाइन्छ।

गरिने कर कट्टाको मुल नियम हो तर सो उपदफामा रहेको प्रतिबन्धात्मक वाक्यांश उक्त मुल नियमको अपवादात्मक वा विशेष व्यवस्था हो। उपदफा (१) ले नेपालमा श्रोत भएका व्यक्ति, प्राकृतिक श्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री वोनस लगायत अवकाश भुक्तानी र अन्य कुनै प्रतिफलको रकम भुक्तानीमा सामान्य तवरले लागु हुने गरी पन्ध्र प्रतिशत करको दर निर्धारण गरेको देखिन्छ भने उक्त उपदफामा रहेको प्रतिबन्धात्मक वाक्यांशले मुल नियममा उल्लेख भएका फरक फरक श्रोतको भुक्तानीमा फरक करको दर तोकेको देखिन्छ। यो करको दर तोक्ने सम्बन्धि विशेष व्यवस्था हो। कानुनमा भएको अपवादात्मक वा विशेष व्यवस्था (*proviso*) लाई विधायिकाको अन्तिम आशय (last intention of the makers) का रुपमा लिइन्छ। कुनै कानुनमा एकै विषयमा सामान्य र विशेष दुई फरक प्रावधान देखिएमा विशेष कानुनी व्यवस्था मान्य (overriding effects) हुन्छ र यसले सामान्य कानुनी प्रावधानलाई निस्कृय वा संकुचित गराउछ भन्ने सिद्दान्त प्रतिपादित गरेको देखिन्छ, भने उक्त रिट निवेदनमा "निवेदकहरुको अवकाश भुक्तानीमा लाग्ने करको दर ऐनको दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (१) ले पाँच प्रतिशत तोकेकोमा उपदफा (१) को मूल व्यवस्थाले तोकेको पन्ध्र प्रतिशतका दरले करकट्टी गर्नुपर्ने भन्ने व्यवस्था निवेदकहरुका हकमा आकर्षित हुने देखिएन" भन्दै निवेदकबाट करबापत भनी बढी कर रकम असुल गर्ने अवकाश कोष प्रबन्ध समिति समेतको निर्णय उत्प्रेषणको आदेशले बदर गर्दै अब निवेदकले प्राप्त गर्ने अवकाश भुक्तानीमा कानूनले निर्धारण गरेको पाँच प्रतिशत कर बाहेक अन्य थप रकम कट्टा नगर्नु र निवेदकबाट कट्टा गरिसकेको धरौटि खातामा रहेको १० प्रतिशत रकम निवेकलाई फिर्ता दिनु भनी प्रत्यर्थीहरुका नाममा परमादेशको आदेश समेत जारी हुने ठहर गरेको पाइन्छ।

२५. उक्त रिट निवेदनमा यस अदालतबाट मिति २०७८।८।२१ मा निर्णय भएपछि सो निर्णयलाई आधार गर्दै विभिन्न रिट निवेदनहरु परेको देखिन्छ। प्रस्तुत रिट निवेदनको सुनुवाई कै क्रममा लगाउमा रहेका विभिन्न रिट निवेदनहरु एकै प्रकृतिका नभई विभिन्न प्रकृतिका देखिन्छन। कुन रिट निवेदनको प्रकृति के हो र त्यसमा रिट जारी हुने हो वा नहुने हो तत्-तत् रिट निवेदनमा नै गरिने भएपनि आयकर ऐन र नियमको व्यवस्थाको रोहमा सामान्यतः देहाय बमोजिमको अवस्था देखिन्छः

क. स्वीकृत अवकाश कोष खडा नगरेका वा नागरिक लगानी कोषमा आवद्द नभएका संस्थाहरुबाट गरिएको अवकाश भुक्तानी (उपदान लगायत अवकाश हुँदा लिइएका सुविधाहरु) को विषयमा परेका रिटहरुको हकमा हेर्दा आयकर ऐन,२०५८ को दफा

६३ बमोजिम खडा भएको स्वीकृत अवकाश कोष वा सोही दफाको व्यवस्थाले स्वीकृति लिनु नपर्ने निकायमा खडा भएको अवकाश कोषबाट गरिने भुक्तानी भन्दा बाहेकको अवस्था पनि हुने देखिन्छ। यस्तो अवस्था छ भने त्यसमा दफा ८८(१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित ५ प्रतिशतको दरले कर कट्टी हुने नभई उक्त दफाको मुल व्यवस्था अनुसार १५ प्रतिशतका दरले नै कर कट्टी हुने देखिन्छ। यो वाध्यता आयकर ऐनको दफा ६५(२) को प्रतिबन्धात्मक वाक्यांशले खण्ड (ख) मा "हिताधिकारीको योगदान नहुने कुनै कोष (Non contributory fund) बाट भएको भुक्तानीलाई स्वीकृति नलिएको अवकाश कोषमा रहेको हित बापत भएको भुक्तानी मानिने छैन" भनी स्पष्ट व्यवस्था गरिएको र करको दायित्वको विषयमा स्पष्ट व्यवस्था गरिएको अवस्थामा सो व्यवस्था संसोधन नभएसम्म वा शुन्य घोषित नभएसम्म औचित्यको आधारमा स्पष्ट व्यवस्थाको विपरित अर्थ गर्न नमिल्ने हुँदा स्वीकृति नलिएको अवकाश कोषबाट गरिने भुक्तानीको हकमा दफा ८८को उपदफा(१) को प्रतिबन्धात्मक वाक्यांश आकर्षित हुने नभै उपदफा(१) को मुल व्यवस्था नै आकर्षित हुने स्थिति देखिन्छ।

ख. त्यसैगरी दफा ८८(१) को प्रतिबन्धात्मक वाक्यांशको वर्तमान व्यवस्था आर्थिक ऐन,२०७५ मिति २०७५।३।३२ बाट लागु भएको र सो पुर्व "योगदानमा आधारित अवकाश भुक्तानी" भन्ने शब्दावली उक्त प्रतिबन्धात्मक व्यवस्थामा नभई "स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानी" भन्ने शब्द प्रयुक्त हुँदा २०७५।३।३२ भन्दा पहिला अवकाश लिएको स्थितिमा सोही समयमा विद्यमान व्यवस्था आकर्षित हुन्छ। त्यस्तोमा परिवर्तित व्यवस्था आकर्षित नहुने हुँदा २०७५।३।३२ पुर्व अवकाश लिएका रोजगारकर्ताहरुको हकमा वर्तमान व्यवस्थाको रोहबाट विचार गर्नुपर्ने देखिँदैन। साथै २०७५।३।३२ पुर्व अवकाश लिएका रिट निवेदकहरु जुन रोह रितबाट अवकाश भुक्तानी लिनुपर्ने र कर तिर्नुपर्ने कट्टा गर्नुपर्ने हो कर कट्टी गरी यतिका वर्ष चुप लागि बसेको र यस अदालतको संयुक्त इजलासबाट *वेदवहादुर लावती समेत विरुद्द राष्ट्रिय वाणिज्य बैंकसमेत* भएको रिट निवेदन (०७५-WO-०५१२) र *रामवृक्ष मण्डल विरुद्द कृषि विकास बैंकसमेत* भएको रिट निवेदन (०७५-WO-०६१३) मा मिति २०७८।८।२१ मा निर्णय भएपछि मात्र आफ्नो हकमा समेत ५ प्रतिशतको दरले करकट्टी हुनुपर्ने हो भनी सम्बन्धित निकायहरुमा निवेदन दिने र निजहरुको निवेदन

अस्वीकार भएपछि वा सोझै अदालतमा रिट निवेदन लिएर आएको स्थिति छ। करकट्टीको विषयमा लामो समयसम्म टुङ्गिएको विषय भएको र संयुक्त इजलासबाट भएका निर्णयहरु पनि तत्-तत् निवेदकहरुको हकमा सम्म जारी भएको पाइएबाट वर्षौं पछि परेका निवेदनहरुमा विलम्बको सिद्वान्त आकर्षित हुने अवस्था देखिन्छ।

ग. केही रिट निवेदनहरु स्वेच्छिक अवकाश योजना अन्तरगत सेवाबाट अलग भएका कर्मचारीहरुसंग सम्बन्धित देखिन्छ। स्वेच्छिक अवकाश योजना अन्तरगत अवकाश लिने व्यक्तिहरुको हकमा के-कति करकट्टी हुनुपर्ने हो भनी यस अघि पनि विभिन्न रिट निवेदनहरु परेका र विभिन्न संयुक्त इजलासबाट विरोधाभाषी फैसला भएकोमा ती मुद्दाहरु पूर्ण इजलासबाट *चतुर्भुज भट्ट* समेतको निवेदनमा स्वेच्छिक अवकाश योजना अन्तरगत दिइएको अतिरिक्त सहुलियत भुक्तानीमा सोही अनुरुप करकट्टी गरेको निर्णय कानुन सम्मत देखिएकोले रिट निवेदन खारेज हुने ठहर्छ भन्ने मिति २०७०।१।१२ मा निर्णय भएको पाइन्छ। बहसको क्रममा यस अदालतबाट प्रतिपादित सिद्वान्तहरुको बारेमा पनि चर्चा हुँदा विद्वान सहन्यायाधिवक्ताले यस अदालतबाट *विदुर वन समेत*को रिट निवेदन (०६७-WO-००२६) मा संयुक्त इजलास बाट भएको निर्णय[8] उल्लख गर्नुभयो भने अन्य विद्वान अधिवक्ताहरुले *चतुर्भुज भट्ट समेत*को रिट निवेदनमा पूर्ण इजलासबाट भएको निर्णय[9] र त्यसमा प्रतिपादित सिद्वान्तबारेमा इजलासको ध्यनाकर्षण गराउनुभयो। ज्ञातव्य के छ भने ती दुबै रिट निवेदनमा उठाइएको विषय स्वेच्छिक अवकाश योजनासंग सम्बन्धित रहेको देखिन्छ; दुबैमा सो योजना अन्तरगत अवकास लिने कर्मचारीहरुलाई दिइएको भुक्तानीमा के-कति प्रतिशतले कर लाग्छ भन्ने रहेको र दुबैमा १५ प्रतिशतले कर कट्टी गरेको निर्णयलाई कानुनसम्मत ठहर भएको अवस्था छ। *चुरर्भुज भट्टको* रिटमा स्वच्छिक अवकाश योजना अन्तर्गत दिइएका भुक्तानीमा आयकर ऐन,२०५८ को दफा ८८(१) मा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा भन्ने वक्यांशसमेत उक्त दफामा परेको देखिएबाट अवकाश भुक्तानी गरिएको कुल भुक्तानीमा १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने रहेछ भन्ने देखिन आउछ (प्रकरण ९) भन्ने उल्लेख भई रिट निवेदन खारेज भएको अवस्था छ। स्वच्छिक अवकाशमा जाने कर्मचारीहरुले पाउने भुक्तानी

[8] विदुर वन समेत विरुद्द नेपाल इन्सुरेन्स कम्पनी लि समेत, निर्णय मिति २०७०।७।२४
[9] चतुर्भुज भट्ट समेत विरुद्द कृषि समाग्री कम्पनी लि समेत, नेकाप २०७० निर्णय नं ८९५८

अवकाश भुक्तानीसंग सम्बन्धित देखिएपनि स्वीकृत अवकाश कोषबाट भुक्तानी पाउने अवकाश योगदानको रकम हो भन्ने नदेखिएकोले दफा ६३ आकर्षित हुने देखिदैन (प्रकरण ७) भन्ने निष्कर्षमा पूर्ण इजलास पुगेको देखिन्छ। यसरी पूर्ण इजलासबाट स्वेच्छिक अवकाश योजना अन्तरगत अवकाश लिने व्यक्तिहरुलाई गरिने भुक्तानी अतिरिक्त सहुलियत भई यस्तो भुक्तानी आयकर ऐन,२०५८ को दफा ८८(१) को भुक्तानीको परिभाषा र दायरा भित्र पर्ने अतिरिक्त भुक्तानी हुँदा त्यसमा स्वेच्छिक अवकाश योजना अन्तरगत अवकाशमा जाने रिट निवेदकहरुको हकमा १५ प्रतिशतको दरले करकट्टी भएकोलाई कानुनसम्मत भन्ने पूर्ण इजलासबाट ठहर भइसकेको अवस्था देखिन्छ।

घ. करको दायित्व मुलतः व्यक्तिगत हुन्छ। अर्थात प्रत्येक रिट निवेदकले अवकाश पाउँदा कहिले अवकाश लिएको हो, कुन शिर्षकमा के-कति प्रतिशतले र कति करकट्टी गरिनुपर्ने हो भन्ने हेरिएको अवस्था हुन्छ। त्यसैगरी स्वेच्छिक अवकाश योजना अन्तरगत अवकाश लिएको हो वा होइन, २०७५।३।३२ अघि वा पछि कहिले अवकाश लिएको हो भन्ने आदि प्रश्नहरु पनि यसमा सन्निहित हुन्छन। राष्ट्रलाई नै असर पर्ने सार्वजनिक महत्त्वका कर छलिका निवेदनहरु सार्वजनिक हक हित र सरोकारको विषय पनि बन्ला। तर यहाँ जे विषयमा कुरा उठाइएको छ यो हरेक निवेदकको सम्वन्धमा व्यक्तिगत तहमा हेरिनुपर्ने विषय देखिन्छ। तसर्थ यस्तोमा सार्वजनिक हक र सरोकारको विषय भनी प्रतिनिधित्व मुलक निवेदन स्वीकार गर्न मिल्ने अवस्था देखिँदैन।

२६.माथि विभिन्न प्रकरणहरुमा यो रिट निवेदनमा निवेदकले लिएको निवेदन जिकिरको सन्दर्भमा करको दायित्वबारे विश्लेषण गरिनुको साथै लगाउमा राखी संगै सुनुवाई गरिएका अन्य रिट निवेदनहरुमा आयकर ऐन,२०५८ अन्तर्गत करको दायित्व बारेमा देखिएका सैद्धान्तिक प्रश्नहरुको निरुपण पछि अब निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने विषयमा पुनः प्रस्तुत निवेदनमा फर्की हेर्दा रिट निवेदकको संस्थाको अवकाश कोषको रकम नागरिक लगानी कोष अन्तर्गत व्यवस्थापन भएको रहेछ भन्ने देखियो। यस्तोमा निवेदकको २०७५।३।३२ पछि अवकाश भएको देखिएमा निवेदकको हकमा आयकर ऐन,२०५८ को दफा ८८(१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय(१) ले पाँच प्रतिशत करकट्टी हुनुपर्ने देखिँदा पन्ध्र प्रतिशतको दरले करकट्टी गरेको कानुन प्रतिकूल देखिन आयो। यस

स्थितिमा करकट्टी सम्बन्धी विपक्षी नागरिक लगानी कोषबाट भएको निर्णय र सो सम्बन्धी पत्राचारहरु समेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निवेदकले २०७५।३।३२ पछि अवकाश लिएको हो भन्ने यकिन गरी सो यकिन भएको अवस्थामा निजबाट बढी करकट्टी भएको रकम निजले फिर्ता पाउने हुँदा अन्तरिम आदेश जारी भई नागरिक लागानी कोषमा नै रकम रहेकोमा सो कोषबाट र सरकारी राजश्वमा जम्मा भइसकेको अवस्थामा अन्य विपक्षीहरुबाट निवेदकलाई फिर्ता दिनु दिलाउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ। जानकारीको लागि यो आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षी कार्यालयहरुमा पठाई निर्णय आदेश अपलोड गरी मिसिल नियमबमोजिम गरी बुझाईदिनु।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः दिप्ती पौडेल/उमेश प्रसाद पाण्डेय

कम्प्युटर अपरेटरः रेखा भट्टराई/पद्मा आचार्य

इति सम्वत २०८० साल श्रावण महिना ३२ गते रोज ५ शुभम्...............................।